**चालु आ.व. २०८०/०८१ को अर्धवार्षिक समीक्षा कार्यक्रम २०८० पौष २६ गते ने.सं. ११४४ थिंल्लागा, ३० विहिवार**

गङ्गाजमुना गाउँपालिकाका अध्यक्ष तथा गाउँ सभाक्षज्यू , प्रमुख अतिथि जिल्ला समन्वय समिति धादिङको प्रमुख नवराज अधिकारी क्षेत्री ज्यू, वडाअध्यक्षज्यूहरू, कार्यपालिका सदस्य/वडा सदस्यज्यूहरू ,अतिथिगढ , कर्मचारी साथीहरु, सम्पूर्ण गाउँपालिकावासी आमा, बुबा, दाजु भाई तथा दिदी बहिनीहरु, संचारकर्मी लगायत उपस्थित सम्पूर्ण महानुभावहरुमा म हार्दिक अभिवादन व्यक्त गर्दछु ।

अब,म हामीले चालु आ.व को अर्धवार्षिक अवधिमा सम्पादन गरिएका मुख्य मुख्य कार्यहरु तथा उपलब्धिहरूलाई क्षेत्रगत आधारमा देहाय अनुसार प्रस्तुत गर्ने सभाध्यक्ष समक्ष अनुमति चाहान्छु ।

**१.सुशासन, संस्थागत विकास तथा सेवा प्रवाह :**

- स्थायी ४० करार ९८ गरी कूल १३८ जना कर्मचारीहरूद्वारा पालिका कार्यालय,वडा कार्यालय ,स्वास्थ्य चौकी कृषि तथा पशु केन्द्रबाट सेवा प्रवाह भईरहेको छ ।
- वडा कार्यालय र सो मातहत रहेका सबै सार्वजनिक निकायका साथै सबै सामुदायिक विद्यालय र स्वास्थ्य संस्थाहरूमा इन्टरनेट जडान गरी विद्युतिय तथा डिजिटल माध्यमबाट सेवा प्रवाह गर्ने थालनीको सुरूवात गरिएको छ ।
- गाउँपालिका कार्यालयको कार्यालयमा नागरिक सहायता कक्षको व्यवस्था गरी गाउँपालिकाबाट प्रदान गरिने सार्वजनिक सेवालाई गुणस्तरिय बनाउने कार्यको थालनी भएको छ ।
- सूचना प्रविधिको माध्यमबाट सेवा प्रवाहमा सहजता एवंम सरलता ल्याउनको लागि राजस्व सफ्टवेयर प्रणाली, सामाजिक सुरक्षा भत्ता वितरण प्रणाली, सार्वजनिक सम्पत्ति व्यवस्थापन प्रणाली, लेखा व्यवस्थापन प्रणाली लगायतका सफ्टवेयरहरूको प्रयोग गरिएको तथा गाउँपालिकाको सम्पूर्ण सूचना , जानकारीहरू फेसबुक पेज तथा वेभसाइटमा राख्ने कार्य गरी विधुतीय शासन प्रणालीको अवधारणा अवलम्बन गरिएको छ ।
- सार्वजनिक सेवा समबन्धमा आम जनताको जनगुनासो सम्बोधन गर्न एवंम आम जनताको सार्वजनिक सूचना माग गर्न पाउने अधिकारको कुण्ठित हुन नदिन कार्यालयमा गुनासो सुनुवाइ अधिकारी र सूचना अधिकारीको व्यवस्था गरिएको छ ।
- सहभागितामूलक शासनको अवधारणाको अनुसरण गर्न एवंम पालिकाको हरेक गतिविधिहरू जनमैत्री ,दिगो विकास मैत्री, प्रभावकारी र जनसहभागितामुलक बनाउने हेतुले पालिकाको वार्षिक निती तथा कार्यक्रम, बजेट तयारी तथा निर्माणमा सम्पूर्ण गाउँपालिका बासी , राजनैतिक दल बुद्दीजीवी ,सरकारी एवंम गैर संघसंस्था, संचार माध्यम र आम सरोकारवालाहरू संग समयमानै राय सूझाव माग गरिएको तथा प्राप्त राय सुझाव पालिकाको वार्षिक निती तथा बजेटमा समावेश गरी सहभागितामूलक शासनमा जोड दिइएको छ।
- अर्धवार्षिक अवधिमा गाउँपालिका,स्वास्थ्य चौकी एवंम वडा कार्यालयको सेवालाई थप व्यवस्थित बनाउन गाउँपालिका, वडा कार्यालय र स्वास्थ्य संस्थाहरूको लागि विभिन्न सेवाका कर्मचारीहरू करारमा नियुक्ति गरिएको छ ।
- अर्धवार्षिक अवधिमा गाउँ कार्यपालिकाको बैठक १३ पटक , शाखा प्रमुखहको बैठक ६ पटक, विषयगत शाखा र वडा सचिवहरूको संयुक्त बैठक १ र स्थानीय विपद व्यवस्थापन समितिको बैठक १ पटक बसिएको छ ।
- सार्वजनिक सेवाप्राहलाई ब्यवस्थित गरी नागरिकले सेवा प्रवाह लिन सहज उपलब्धता गर्ने हेतुले स्वास्थ्य कार्यालयमा नागरिक बडा पत्रको व्यवस्था गरिएको छ र वडा र गा .पा कार्यालयमा नागरिक बडा पत्र बनाउन दिईएको छ ।
- स्वीकृत दरबन्दी अनुसार पालिकामा रिक्त रहेका कर्मचारीहरु बागमती प्रदेश लोक सेवा अयोग, हेटौंडामा माग आकृति फाराम भरि पठाईएको छ ।
- गाउँपालिकाको कर्मचारी व्यवस्थापनलाई समय अनुकुल प्रभावकारी बनाउन O & M सर्भे गरि गाउँ सभाबाट पारित गरि पद दर्ताको लागि मुख्यमन्त्री तथा मन्तिपरिषद्को कार्यालय बागमती प्रदेश किताबखानाम पठाइएको छ ।

- करार सेवामा कार्यरत कर्मचारीहरुको म्याद थप गर्नको लागि कार्यपालिकाको निर्णय बमोजिम संघिय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको **करार सेवामा कार्यरत कर्मचारीहरुको कार्यसम्पादन मुल्यांकन तथा नयाँ अबधिको लागि करार सम्झौता मापदण्ड, २०७८** सम्बन्धि बमोजिम मुल्यांकन गर्न कार्य शुरुवात गरिएको छ।
- गाउँपालिकाको तथ्याङ्क डिजिटाईजेशन र तथ्यपरक प्राप्तिको लागि **विद्युतीय स्थानीय तह पार्श्व चित्र निर्माण**को लागि प्रस्ताव आव्हान गरिएको छ ।
- गत आ.व.मा निर्माण सम्पन्न भएका योजना तथा कार्यक्रमहरूको प्राविधिक सहितको अनुगमन समितिको प्रतिवेदनबाट उत्कृष्ट देखिएका योजना तथा कार्यक्रमहरू कार्यान्वयन गर्ने **उपभोक्ता समितिहरूलाई सम्मान कार्यक्रम** सम्पन्न भएको छ ।
- गत आ.व.हरूमा महालेखा परीक्षकको कार्यालयको लेखा परीक्षणको प्रतिवेदनमा देखिएका बेरूजुहरू फछ्र्यौटको कार्यहरू अगाडी बढेको छ ।
- गाउँपालिकाको सहकार्य, समन्वय र सहयोगमा वडा नं. २ स्थित तावलमा अस्थायी प्रहरी पोष्टको स्थापना भएको छ । जसले गर्दा स्थानीय जनतालाई सुरक्षामा थप महसुस गर्दै विभिन्न स्थानीय मुचुल्का, बजार अनुगमन तथा विभिन्न विकृतिहरूमा कमी देखिएको छ ।

**२.भवन नियमन तथा पूर्वाधार विकास तर्फः**

चालु आ.व को पहिलो चौमासिकको अवधिमा पुर्वाधार विकास तर्फ देहाय बमोजिमका कार्यहरु सम्पन्न भएका छनः-

- चालु आ.व मा ठेक्का आह्वान गरी कार्यान्वयन गनुपर्ने योजनाहरू मध्ये ८ वटा योजनाहरूको ठेक्का आह्वान भइसकेको छ । आह्वान गरिएका ठेक्काहरूमध्ये ५ वटा योजनाहरूको सम्झौता भई ४ वटा योजनाहरूको काम समेत सुरू भईसकेको छ ।
- ठेक्का प्रक्रियाबाट कार्यान्वयन हुने योजना तथा कार्यक्रमहरूः-

| सि.नं. | योजना तथा कार्यक्रमहरूको नाम | कार्यान्वयनको अवस्था |
|---|---|---|
| १ | बर्दन स्वास्थ्य चौकी निर्माण, वडा नं. ३ | पुनः सूचना आव्हान |
| २ | किचेत चेप्राङ करङकचेत लापा सडक निर्माण, वडा नं. १ | सर्भे सकी स्टमेट हुँदै |
| ३ | नयाँ चौतारो शितला लुम्री सडक स्तरोन्नति, वडा नं. ५ र ४ | सम्झौता भई कार्य सुरू हुने तयारी |
| ४ | सुकुभञ्ज्याङ बासखर्क झापेडाँडा सडक स्तरोन्नति, वडा नं. ७ र ५ | सम्झौता भई काम भईरहेको |
| ५ | ढाँडखर्क सादन र लप्सिबोट खा.पा.एक घर एक धारा, वडा नं. ५ | सम्झौता भई कार्य सुरू हुन लागेको |
| ६ | पात्लेखर्क चिसापानी खानेपानी आयोजना, गङ्गाजमुना-६ | सम्झौता भई कार्य सुरू हुन लागेको |
| ७ | बसेरी कात्तिके कल्सिङ खानेपानी निर्माण, गङ्गाजमुना-६ | मूल्याङ्कन भई आशयको सूचना |
| ८ | गङ्गाजमुना गाउँपालिका भरी आधुनिक आरान व्यवस्थापन | स्टमेट भई सूचना निस्कने प्रक्रिया |
| ९ | मनपाङ्गवेशी बुढाथुम आहालडाँडा अधेरीखोला महालक्ष्मी भैसें डाँडागाउँ, वडानं. ६ र ७ ( पालिका गौरवका आयोजना समेत ) | सम्झौता भई काम भई रहेको |
| १० | कल्लेरी कात्तिके झोलुङ्गे पुल, गङ्गाजमुना गा.पा. | एक्सन नेपालसँग समन्वय, तयारी |
| ११ | ग्रिन ट्रेकिङ्ग ट्रेल ( पालिका गौरवको आयोजना अन्तर्गत) | मूल्याङ्कन भई आशयको सूचना |

- उपभोक्ता समिति मार्फत सन्चालन हुने योजनाहरू मध्ये कूल १२७ योजनाहरू मध्ये १०० योजनाहरूको सम्झौता भई २८ वटा योजनाको भुक्तानी भईसकेको छ ।
- चाडपर्वको समयमा गाउँ घरमा सवारी साधनको आगमनलाई सहज बनाउने उदेश्यले उपभोक्ता समिति मार्फत मुख्य सडकहरू सफा गर्ने काम सम्पन्न गरिएको छ । यस बाट चाडपर्वको समयमा गाउँ घरमा आउने व्यक्तिहरू प्रत्यक्ष रूपमा लाभान्वित भएका छन् ।
- निर्माणाधिन गाउँपालिकाको नयाँ प्रशासकिय भवनको निर्माण कार्य अन्तिम चरणमा पुगेको छ ।
- निर्माणाधीन गङ्गाजमुना पर्यटकीय पूर्वाधारको आवश्यकता र औचित्यतालाई ख्यालमा राखी उपाध्यक्ष ज्यूको संयोजकत्वमा समिति गठन गरी भेरियसनको लागि ईस्टमेट सहित प्रतिवेदन तयारी अन्तिम चरणमा पुगेको छ ।
- गङ्गाजमुना गाउँपालिका भित्र नक्सा पास नभइ निर्माण भएका घरहरूको अभिलेखिकरणको लागि सुचना आह्वान गरी घर अभिलेखिकरण सम्बन्धी कार्यको थालनी गरिएको छ भने सात वटै वडामा पक्की संरचना तथा निर्माण भएको २१६ घरहरूको विवरणको तथ्याङ्क संकलन गरी उक्त घरहरूलाई कानून बमोजिम परामर्श लिई कानूनी दायरामा ल्याउनको लागि पहल सुरू भएको छ ।
- गाउँपालिका र सो अन्तर्गतका कार्यालयहरूको जग्गाधनी प्रमाण पुर्जा संकलन कार्य गरिएको छ ।
- बहुवर्षीय र चालु आ.व. को निर्माण सम्बन्धी योजनाहरूलाई थप व्यवस्थित र निर्माण व्यवसायीहरूलाई थप जिम्मेवारी बनाई गुणस्तरीय कार्य समयमै सक्नको निमित्त गाउँकार्यपालिका टिम, प्राविधिक कर्मचारी र जनप्रतिनिधि सहितको बैठक बस्ने अभ्यास निरन्तरता रहेको छ ।

### ३. <u>वन जङ्गल वातावरण तथा जैविक विविधताः</u>

- गाउँपालिकाको पहलमा डिभिजन वन कार्यालय, धादिङको प्रमुखबाट गाउँपालिका कार्यपालिका टिम र कर्मचारीलाई वन सम्बन्धी ऐन, कानुन तथा कार्यविधिबारे प्रशिक्षण कार्यक्रम सम्पन्न भएको छ ।

### ४. <u>योजना कार्यान्वयन</u> :

- असारे विकासलाई निरूत्साहित गर्ने उदेश्यले गाउँ कार्यपालिकाले भौतिक पूर्वाधार तर्फको वडाबाट कार्यान्वयन हुने योजना तथा कार्यक्रमहरू सबै भन्दा छिटो सक्ने वडालाई आगामी आ.व. मा थप ५ लाखको बजेट दिने र वैशाख मसान्तसम्म समेत योजना तथा कार्यक्रम नसक्ने वडालाई आ.व. मा वडाले पाउने बजेटको सिलिङबाट ५ लाख बजेट कटौती गर्ने निर्णय गरि सोको कार्यान्वयनको लागि अगाडी बढेको छ ।
- गत आ.व. मा ठेक्का प्रक्रियाबाट सम्पन्न भई DLP अवधि बाँकी रहेका योजना तथा कार्यक्रमहरूको बिग्रेको संरचना बनाउनको निमित्त गाउँपालिकाको उपाध्यक्षको संयोजकत्वमा समिति गठन गरी उक्त गठित समितिबाट आएको प्रतिवेदन बमोजिम सम्बन्धित फर्म वा कम्पनीलाई बिग्रिएको संरचना बनाउनको निमित्त परिपत्र गर्ने निर्णय सर्वसम्मतले पारित गरियो ।
- योजना कार्यान्वयन प्रकृयालाई छिटो छरितो र सहज बनाउनका लागि घुम्ति शिविर सेवा कार्यक्रम मार्फत प्रत्येक वडामा पुगी उपभोक्ता समितिका पदिधिकारीहरूलाई अनुशिक्षण कार्यक्रम सम्पन्न गरी कागजात पुगेको योजना तथा कार्यक्रमहरूको पहिलो पटक वडा कार्यालयमै पुगी सम्झौता गर्ने कार्य सम्पन्न भएको छ ।
- गङ्गाजमुना माई तथा झरना क्षेत्रलाई व्यवस्थित बनाउन र दिगो रूपमा विकास गर्ने उद्देश्यले गङ्गाजमुना विकास समिति वा विकास कोष गठनको लागि गाउँपालिका अध्यक्ष भक्त बहादुर लामाको संयोजकत्वमा ११ सदस्यीय विशेष कार्यदल गठन भएको छ ।

### ५. <u>राजस्व व्यवस्थापन</u> :

- चालु आ.व. मा राजस्व प्रक्षेपण रू ७५ लाख ३७ हजार ५ सय रहेकोमा हालसम्ममा मालपोत, सम्पत्ति कर, व्यवसाय कर, सेवा शुल्क, सेवा दस्तुर, लगायतका आय शीर्षकहरुमा आन्तरिक राजस्व तर्फ तपशिल बमोजिम राजस्व संकलन गरिएको छ। संकलित राजस्व चालु आ.व मा प्रक्षेपण गरिएको तुलनामा ३३.७९ प्रतिशत राजश्व संकलन हो।

| **आ.ब २०८०/८१ को पौष २२ गते सम्म गा.पा तथा सम्पूर्ण वडाबाट संकलित राजश्व विवरण** | |
|---|---|
| गाउँपालिका | ७,५४,५७०.८१ |
| वडा नं १ | १,२२,०१७.६ |
| वडा नं २ | १,१६,०५८.२३ |
| वडा नं ३ | १,७२,९४०.४६ |
| वडा नं ४ | ३,५६,३५९.४९ |
| वडा नं ५ | ३,९१,५९७.६९ |
| वडा नं ६ | ३,३९,३३९.७९ |
| वडा नं ७ | २,९४,५२२.२४ |
| **जम्मा आन्तरिक आम्दानी** | २५,४७,४०६.३१ |
| **जम्मा प्रतिशत** | ३३.७९ % ( कूल बजेटको ०.००४४ % ) |

- पालिकामा राजश्व संकलनको लागि महालेखा नियन्त्रक कार्यालयले संन्चालनमा ल्याएको सुत्र नामक सप्टवेयर सन्चालनमा ल्याएको छ । साथै करदातालाइ कर तिरेको जानकारी मोबाइल एस.एम .एस मार्फत समेत दिन थालिएको छ ।

६. <u>शिक्षा युवा तथा खेलकुद विकास</u>ः

**(क)** <u>शिक्षा तर्फ</u> :

- गङ्गाजमुना गाउँपालिका अन्तर्गत रहेका ४३ वटा सामुदायिक विद्यालयहरूमा इ.सि.डि देखी कक्षा १२ सम्म छात्र २१३८ र छात्रा २०१७ गरी जम्मा ४१५५ विधार्थीहरू अध्ययनरत रहेका छन् भने २३९ शिक्षक, ४५ जना बालविकास सहजकर्ता तथा ५५ जना विद्यालय कर्मचारीहरू गरी जम्मा ३३९ सेवारत रहेका छन् ।
- पदपूर्ति हुन बाकी रहेका विद्यालयहरूमा कर्मचारी एवंम शिक्षकको पदपूर्ति गरी विधार्थिहरूको पठनपाठन एवंम विद्यालय प्रशासन व्यवस्थित बनाईएको छ ।
- नयाँ ज्ञान ,नयाँ अवसर ,नया अनुभव ,नयाँ सिकाई प्राप्त गरी उक्त ज्ञान, अवसर ,अनुभव र सिकाई विद्यलयमा अनुसरण गर्ने उदेश्यले सामुदायिक विधालयका प्रधानध्यापकहरूको शैक्षिक अवलोकन भ्रमण समपन्न गरिएको छ ।
- सामुदायिक विधालयहरूको गत आ.व को आम्दानी र खर्चको लेखापरीक्षणको गर्नको लागि लेखापरीक्षकहरू विधालयमा पठाउनका लागि सूचना प्रकाशन गरी प्राप्त निवेदकहरूलाई छनौट गरी नियुक्तिको लागि परिपत्र गरिएको छ ।
- उत्कृष्ट शिक्षकहरूको प्रोत्साहनको लागि निश्चित मापदण्ड बनाई उत्कृष शिक्षकहरूलाई पुस्कृत तथा सम्मान गरिएको छ भने पहिलो पटक गाउँपालिका भरिको शिक्षकहरूको शिक्षक सम्मेलन समेत सम्पन्न गरिएको छ ।
- समयनुसार सूचना प्रविधिप्रति दक्ष बनाउन तथा क्षमता अभिवृद्धि गर्नको निमित्त गाउँपालिका भरिका करिब २०० जना शिक्षकहरूलाई कम्प्युटर सम्बन्धी आधारभूत ज्ञान दिने तालिम सम्पन्न भएको छ ।
- गाउँ शिक्षा समितिको बैठक ३ पटक, नियमिति प्र.ह. बैठक २ पटक बसी आवश्यकतानुसार गाउँपालिकाको शैक्षिक गतिविधिबारे छलफल तथा विभिन्न कार्यविधि तर्जुमा तथा सहजीकरण कार्य गरिएको छ ।

- बिषयगत नमुना पाठ प्रदर्शनका लागि विद्यालयगत रुपमा विज्ञहरु छनौट गरी कक्षा १-३ तथा कक्षा १ -५ सम्म सञ्चालित विद्यालयहरूमा आफ्नो विषयगत पाठ प्रदर्शनको लागि कार्य अगाडी बढाईएको छ ।
- हाम्रो गङ्गाजमुना नामक स्थानीय पाठ्यक्रम (कक्षा १ -३ सम्म ) निर्माण गरी चालु शैक्षिक सत्रमा परीक्षणको रूपमा लागू गरिएको छ भने स्थानीय पाठ्यक्रम (कक्षा ४-८) को लागि स्रोत सामाग्री निर्माण कार्य भइरहेको छ ।
- गाउँपालिका भित्रका आवश्यकता हुने विद्यालयहरुको लागि कम्प्युटर तथा प्रिन्टर साझेदारीमा खरिदको लागि प्रस्ताव पेश गर्न सबै विद्यालयहरूलाई परिपत्र गरिएको छ ।

**(ख) युवा तथा खेलकुद तर्फ :**

- गाउँपालिका स्तरीय राष्ट्रपति रनिङ शिल्ड प्रतियोगिता कार्यक्रम, २०८० कार्यक्रम २०८० साल पुष महिना पौष २७ र २८ गते आयोजना गरी सञ्चालन हुने तयारी भएको छ ।
- सबै वडामा वडा स्तरीय खेलकुद कार्यक्रमको लागि परिपत्र भई विभिन्न चाडपर्व तथा अन्य कार्यक्रमहरूको अवसरमा केही वडामा युवा क्लवहरू द्वारा खेलकुद कार्यक्रमहरू सम्पन्न भईसकेको छ भने केही वडाहरूमा सञ्चालनको क्रममा रहेको छ ।
- शिक्षक सेवा तथा लोकसेवा तयारी कक्षा सञ्चालन तथा व्यवस्थापनको लागि सूचना प्रकाशन गरी प्राप्त निवेदनहरूको संकलन गरी कक्षा सञ्चालनको लागि प्रस्ताव आव्हान गर्ने कार्य तयारी भएको छ ।

**७. स्वास्थ्य ,सरसफाई  तथा बहुक्षेत्रिय पोषण कार्यक्रम**

**(क) स्वास्थ्य तर्फ :**

- विभिन्न स्वास्थ्य संस्थाहरुलाई कम्प्युटर वितरण गर्नुका साथै स्वास्थ्य कर्मीहरुलाई स्वास्थ्य ब्यबस्थापन सुचना प्रणाली सम्बन्धी तालिम संचालन गरी सबै स्वास्थ्य संस्थाहरूबाट अनलाईन प्रतिवेदन गर्न शुरु गरिएको छ ।
- ७ वटै वडाहरुमा जेष्ठ नागरिकहरुलाई नसर्ने रोग सम्बन्धी मेडिकल अधिकृत डाक्टर सहितको निशुल्क स्वास्थ्य शिविर संचालन कार्यक्रममा ६९६ जना लाई स्वास्थ्य परिक्षण गरिएकोमा ३४ जनामा उच्च रक्तचाप र १० जनामा मधुमेह रोग भेटिएको थियो र उक्त व्यक्तिहरूलाई आवश्यकतानुसार औषधीको सिफारिस तथा मेडिकल परामर्श प्रदान गरेको थियो ।
- नेपाल आँखा कार्यक्रम-तिलगंगा आँखा प्रतिष्ठान र गाउँपालिका बीच सम्झौता भई मानव संशाधनको व्यवस्थापन गरी ग्रामीण आँखा केन्द्र स्थापनाको लागि ग्रामीण अस्पताल फुलखर्कमा पूर्वाधारको कार्य सम्पन्न हुने चरणमा छ र सो सम्बन्धी सामान्य सेवा प्रवाह सुरू भएको छ ।
- ग्रामीण अस्पताल , फुलखर्कमा माईस्क्रोप खरिद गरी उक्त मेसिनरी औजारबाट सेवा प्रवाह कार्य सुरू भईसकेको छ ।
- बसेरी स्वास्थ्य चौकीमा ग्रामीण अस्पताल , फुलखर्कमा रहेको डि.आर. एक्स्रे मेसिन स्थान्तरण गरी सेवा प्रवाह सुरू भई सकेको छ ।
- गाउँपालिकाको सात वटै वडामा शान्ति नेपालसँग साझेदारी गरी सफा तथा स्वच्छ गाउँ कार्यक्रमको लागि तयारी भईरहेको छ भने गाउँपालिकाको वडा नं. ३ धादिङ्ग जिल्लाकै पहिलो पूर्ण सफा तथा स्वच्छ वडा घोषणा कार्यक्रमको तयारी अन्तिम चरणमा पुगेको छ ।
- गाउँपालिका अन्तरगत रहेका महिला सामुदायिक स्वास्थ्य स्वंयसेविकाहरुलाई बिभिन्न तालिम सम्पन्न भएको छ ।

  (क) आँखा स्वास्थ्य सम्बन्धि १ दिने तालिम

  (ख) मानसिक रोग सम्बन्धि १ दिने तालिम

त्यस्तै गरी विद्यालय फोकल पर्सनहरूलाई समेत आँखा स्वास्थ्य सम्बन्धी १ दिने अभिमुखिकरण तालिम सम्पन्न भएको छ ।

- **गाउपालिका बाट स्वास्थ्य सम्बन्धी सेवा पाएका व्यक्तिहरु**

क० दलित स्वास्थ्य बीमा कार्यक्रम अन्तर्गत जम्मा ४४४ घर परिवारको बिमा भएको ( जस अन्तर्गत फुलखर्क प्रथम सेवा केन्द्र बिन्दुबाट ७ जनाले सेवा लिएको र यसमध्ये २ जना अन्य अस्पतालमा सिफारिस भएको, १ जना धादिङ्ग जिल्ला अस्पताल र १ जना टिचिङ्ग अस्पताल, काठमाण्डौ )

ख० कडा रोग लागेका १७ जना बिरामीलाई रु १५०००। का दरले यातायात खर्च प्रदान गरिएको

ग० विपन्न नागरिक औषधी उपचार सिफारिस २३ जना

घ० दिर्घ रोगको उपचार खर्च पाएका बिरामी २७ जना

ङ० पुर्ण खोप पाएका ८५ जना

च० गाउँघर क्लिनिक बाट सेवा पाएका जम्मा १४२७ जना

छ० खोप क्लिनिकबाट सेवा पाएका जम्मा ५७५ जना

ज० स्वास्थ्य संस्थामा प्रसुती भएका जम्मा ३९ जना

८ . **<u>प्रधानमन्त्री रोजगार र सामी कार्यक्रम</u>** :

- आ.व ०८०/८१ को लागि प्रधानमन्त्री स्वरोजगार कार्यक्रम अन्तर्गत पुरूष ७३९ र महिला ८६४ जना गरी जम्मा १६०३ जना व्यक्ति बेरोजगार सूचीमा सुचिकृत भएका छन् ।
- सूचीकृत बेरोजागरहरू मध्ये ८९ जना बेरोजगार व्यक्तिलाइहरूलाई प्राथमिकताको आधारमा न्युनतम १०० दिन बराबरको रोजगार प्रदान गर्नको लागि नेपाल सरकार अन्तर्गत विभिन्न १३ वटा योजनाहरू छनोट भई सो कार्यान्वयनको गर्ने क्रममा रहेको छ भने आई.डि.ए. अन्तर्गत योजना छनौटको लागि वडा कार्यालयलाई परिपत्र गरिएको छ ।
- **गाउँपालिकाले वैदेशिक रोजगारीमा जाने व्यक्तिहरुलाई श्रम स्वीकृतिको लागि पठाएको विवरण तपशिल बमोजिम रहेको छ ।**

| **गाउँपालिकाले वैदेशिक रोजगारीमा जाने व्यक्तिहरुलाई श्रम स्वीकृतिको लागि पठाएको विवरण** | | |
|---|---|---|
| **गएको देश** | मलेसिया | ४ जना |
| | दुबई | ६ जना |
| | कतार | १ जना |
| | बहराईन | १ जना |
| | साउदी | ४ जना |
| | **जम्मा** | **१६ जना पुरुष** |

- वडागत विवरण तपशिल बमोजिम रहेको छ ।

| **वडा नं.** | **संख्या** |
|---|---|
| वडा नं. २ | १ जना |
| वडा नं. ३ | १ जना |
| वडा नं. ४ | २ जना |
| वडा नं. ५ | १० जना |
| वडा नं. ६ | २ जना |

| | |
|---|---|
| **जम्मा** | १६ जना |

- चालु आ.व. मा वित्तीय साक्षरता कक्षा वडा नं: ४, ५, ६ र ७ मा संचालन भइरहेको जसमा १११ जना सहभागी रहेका छन् ।
- समुदाय अभिमुखीकरण कार्यक्रम वडा नं: ४, ५, ६ र ७ मा संचालन भएको जसमा १२९ जना सहभागी रहेका थिए ।
- गहन अभिमुखीकरण कार्यक्रम वडा नं: ७ मा संचालन भएको जसमा ५६ जना सहभागी रहेका थिए ।
- सुरक्षित वैदेशिक रोजगार कार्यक्रमको विषयमा सरोकारवालाहरु र जनप्रतिनिधिहरु संगको अन्तरक्रिया कार्यक्रम सम्पन्न भएको छ ।
- गाउँपालिका भित्र मानसिक हिसाबले प्रभावित ( विदेशमा लामो समय देखि नफर्केको, विदेशमा जेलमा परेको,घरेलु हिंसाबाट पिडित महिलाहरू तथा अन्य मानसिक हिसाबले समस्या भएको १७ जना संग व्यक्तिगत रूपमा मानसिक परामर्श प्रदान गरिएको छ । यसले गर्दा मानिसमा सकरात्मक परिवर्तन आई कतिपय अवस्थामा आत्महत्या गर्छु भन्ने व्यक्तिहरू समेत त्यसबाट त्यस्ता कार्यबाट निरूत्साहित भएका छन् ।

९. **कृषि विकास तर्फ** :

- **कृषि यान्त्रिकरण तालिमः-** गत आ.व. मा गाउँपालिकाले र कृषि ज्ञान केन्द्र लगायत विभिन्न निकायहरूबाट अनुदानबाट प्राप्त भएका र व्यक्तिगत हिसाबले खरिद गरेका कृषि यन्त्रहरूमा समस्या आउँदा कृषकलाई बनाउनको लागि लैजान समस्या हुने र बढी खर्चिलो हुने देखिएकोले सोको समाधानको लागि १४ जना कृषकलाई **कृषि यान्त्रिकरण तालिम**को लागि वडा कार्यालयलाई पठाउनको लागि परिपत्र भएको छ ।
- **उत्पादन साथमा अनुदान हातमाउत्पादनमा) आधारित कार्यक्रम-:(**अघिल्लो आ.व.मा सुचिकृत भएका फर्म/समुह सहकारी/ हरुको निरन्तता साथै यस आ.व. मा १३ ओटा नयाँ फर्म/समुह सहकारी/छनौट गरियो ।
- **माटो जांच सम्बन्धि वडा स्तरिय अभिमुखिकरण गोष्ठी-:** माटोको अम्लियपना, क्षारियपना , बालीवस्तुलाई आवश्यक पर्ने खाद्य तत्वको मात्रा पत्ता लगाई माटो प्रदूषण हुनबाट बच्न सहयोग गर्ने तथा माटोको गुणस्तर कायम राख्न मद्दत गरी आवश्यकतानुसार मलखादको सही व्यवस्थापनमा सहयोग पुर्याई कृषि उत्पादन र उत्पादकत्व बढाउने उद्धेश्यले माटो जाँच गर्नुको फाइदा , माटो जाँचको लागि नमुना संकलन विधि सहितको एक दिने माटो जांच सम्बन्धी अभिमुखिकरण गोष्ठी ७ वटै वडामा सम्पन्न भएको छ । उक्त कार्यक्रममा कुल सहभागी संख्या ३५५ जना रहेको थियो । जसमा नमुना मण्डली मा.वि. मा अध्ययनरत विद्यार्थीहरूलाई समेत संलग्न गराईएको थियो । विभिन्न वडामा नमुना सङ्कलन गरी माटो परीक्षणको क्रममा रहेको छ ।
- **एक वडा एक पकेट क्षेत्र (पालिका गौरवको आयोजना )-** विभिन्न वडाहरूबाट वडा विशेष पकेट क्षेत्रको लागि विवरण लिई प्रक्रिया अगाडी बढेको छ ।

- **कृषि कुलो डि.पि.आर.-** सात वटै वडामा वडा कार्यालयबाट प्राथमिकताको आधारमा प्राप्त विवरण बमोजिम सिंचाई कृषि कुलो डि.पि.आर.को लागि प्रक्रिया अगाडी बढेको छ ।

**१०. पशु सेवा तर्फ** :

- **पशु बिमा अभिमुखिकरण गोष्ठी -:** एक दिने कृषि तथा पशुपन्छी बिमा सम्बन्धि अभिमुखिकरण गोष्ठी यस पालिकाको ७ वटै वडामा संचालन गरियो| उक्त कार्यक्रममा कुल सहभागी संख्या ३७५ जना रहेको थियो र कार्यक्रम संचालनकै क्रममा वडा नम्बर ४ मा ४ घरधुरीमा बाख्रा र भैसीको बिमा गरियो |
- **पशु स्वास्थ्य औषधि खरिद वितरण-:**पशुपन्छीमा देखिने विभिन्न समस्या तथा रोग जस्तै ज्वरो,पखाला.पेट फुल्ने,पिसाब बन्दहुने,जुका,जुम्रा,लुतो,खोकी आदिको उपचारको क्रममा प्रयोग हुने औषधिहरु खरिद गरी पशु सेवा शाखा तथा पशु सेवा केन्द्रबाट उपलब्ध हुने औषधी सेवा ,औषधी वितरण ,नियमित रूपमा प्रदान गरिदै आइएको छ । |
- **महामारी रोग व्यवस्थापन तथा विविध खर्च-:**गाईभैसीमा लाग्ने महामारी लम्पी स्किन डिजिज रोगको फैलावट र उपचारको क्रममा प्रयोग हुने औषधि खरिद गरि सम्पूर्ण वडामा पठाइयो भेटेरिनरी | आस्पताल तथा पशु सेवा विज्ञ केन्द्र धादिङको सहयोगमा करिब ५० कुकुरहरुमा रेबिज रोग बिरुद्धको भ्याक्सिन लगाई अन्तरराष्ट्रिय रेबिज दिवस मनाइयो |

**११. महिला ,बालबालिका तथा सामाजिक समावेशीकरण** :

- अपाङ्गता परिचय पत्र वितरण कार्यक्रम अन्तर्गत चालु आ.व. मा हाल सम्ममा ३९ जनालाई अपाङ्ग परिचय पत्र वितरण गरिएको छ । जस अन्तर्गत तपशिल बमोजिम रहेको छ ।

  **तपशिलः-**

  क वर्ग ११ जना

  ख वर्ग १७ जना

  ग वर्ग १० जना

  घ वर्ग १ जना

  जम्मा ३९ जना
- अर्धवार्षिकअवधिमा पालिकास्तरिय अपाङ्ग समन्वय समितिको बैठक ६ पटक बसेको छ ।
- ज्येष्ठ नागरिक परिचय पत्र वितरण कार्यक्रम अन्तर्गत चालु आ.व.मा हाल सम्म १८ जनालाई वितरण गरिएको छ ।
- चालु आ.व. अन्तर्गतको योजना अन्तर्गत हरितालिका तीज कार्यक्रम ,२०८० सम्पन्न भएको छ ।
- चालु आ.व. अन्तर्गतको योजना अन्तर्गत बाल दिवस कार्यक्रम , २०८० सम्पन्न भएको छ ।
- गाउँपालिका र सबै वडा कार्यालयहरूमा लैङ्गिक हिंसा विरुद्ध १६ दिने अभियान अन्तर्गत लैङ्गिक हिंसा सम्बन्धी सचेतनामुलक कार्यक्रम सम्पन्न भएको छ ।
- अपाङ्ग परिचय पत्र नविकरण तथा वितरण कार्यलाई प्रभावकारी बनाउनको निमित्त वडा नं. ६ र ७ मा सम्बन्धित व्यक्तिको घर र टोलमा घुम्ती शिविर सम्पन्न भएको छ ।
- गङ्गाजमुना गाउँपालिका, वडा नं. ३ पोखरागाउँमा दाम्लोले बाँधिएर जीवन बिताईरहेका २० वर्षीय मदन कुमार तामाङ्गको गाउँपालिकाले सूचना प्राप्त गरे पश्चात गाउँपालिकाको सहकार्य, समन्वय र पहलमा निजलाई आवश्यक सहयोग सहित मानव सेवा आश्रम, काठमाण्डौमा उद्दार गरिएको छ ।
- अपाङ्गता भएका व्यक्तिहरूका लागि समुदायमा आधारित पुनस्थापना सहयोग कार्यक्रम अन्तर्गत सूचना प्रकाशन गरी नेत्रहिन संघसँग सम्झौता गरी मुढा बनाउने तालिमको लागि वडामा व्यक्ति छनौटको लागि परिपत्र गरिएको छ ।

## १२. सामाजिक सुरक्षा तथा पञ्जीकरण :

- व्यक्ति र समाजलाई जोखिम वा अस्थिरता व्यवस्थापन गर्न गरिवी र असमानता बाट जोगाउन तथा आर्थिक अवसरमा पहुँच अभिवृद्धि गर्ने उद्देश्यले चालु आ.व को पहिलो त्रैमासिकमा गङ्गाजमुना गाउँपालिका भित्रका सबै वडामा गरी तपशिल बमोजिम सामाजिक सुरक्षा भत्ता वितरण गरिएको छ।

  तपशिलः-

**पहिलो त्रैमासिक २०८०।०८१ सामाजिक सुरक्षा भत्ता वितरण**

| लाभग्राही संख्या | विनियोजित बजेट | खर्च रकम |
|---|---|---|
| ३५५१ | ३,६४,७८,७४२ | ३,६४,६४,३७८ |

२ सामाजिक सुरक्षा भत्ता लाभग्राहीको मृत्यु पश्चात लगत कट्टा गरेको ,संख्या १९ -

३१४० - सामाजिक सुरक्षा भत्ता लाभग्राहीको नयाँ दर्ता .

**४ व्यक्तिगत घटना दर्ता मिति देखि:** २०८००१-०४- **दर्ता मिति सम्म:** २०८०२२-०९-

| वडा नं. | जन्म | | | मृत्यु | | | सम्बन्ध विच्छेद | विवाह | बसाईसरी आएको | | बसाईसरी गएको | | जम्मा |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | पुरूष | महिला | जम्मा | पुरूष | महिला | जम्मा | जम्मा | | | | | | |
| १ | ७ | २० | २७ | ५ | ३ | ८ | | १६ | | | | | ५१ |
| २ | ८ | १२ | २० | ७ | ८ | १५ | ३ | १२ | | | ४ | १८ | ५४ |
| ३ | १५ | २१ | ३६ | ८ | ४ | १२ | ६ | १७ | | | १ | ४ | ७२ |
| ४ | २० | १६ | ३६ | ९ | ५ | १४ | २ | २० | | | २ | २ | ७४ |
| ५ | २९ | २६ | ५५ | १२ | ६ | १८ | ३ | २८ | १ | ८ | ३ | १२ | १०८ |
| ६ | २६ | १८ | ४४ | १० | १४ | २४ | ३ | ३९ | | | ७ | १९ | ११७ |
| ७ | २५ | २४ | ४९ | ४ | ९ | १३ | १ | १६ | | | ९ | ३७ | ८८ |
| जम्मा | १३० | १३७ | २६७ | ५५ | ४९ | १०४ | १८ | १४८ | १ | ८ | २६ | ९२ | ५६४ |

---

- सामाजिक सुरक्षा भत्ता लिन बैंक सम्म जान नसक्ने लाभग्राहीहरूलाई सम्बन्धित वडामा गएर सुरक्षा कर्मीको निग्रानीमा बैंक तथा व्यक्तिगत घटना शाखा हेर्ने कर्मचारी उपस्थित भई सामाजिक सुरक्षा भत्ता वितरण गरिएको छ ।यसबाट धेरै सामाजिक सुरक्षा भत्ता लाभग्राही लाभान्वित भएका छन् ।

## १३.व्यवसाय तथा बजार अनुगमन :

- हालसम्म गाउँपालिकामा व्यवसाय दर्ता तथा नवीकरणको विवरण तपशिल बमोजिम रहेको छ ।

तपशिलः-

| कुल दर्ता भएको व्यवसायहरु | गत आ.व.सम्ममा दर्ता भएको व्यवसायहरु | यस आ.व मा दर्ता भएको व्यवसायहरु | हालसम्म नवीकरण भएका व्यवसायहरु |
|---|---|---|---|
| ५३३ | ५१८ | १५ | १४३ |

- चाडबाडको समयमा हुने महगी ,ठहगी तथा गुणस्तरहिन सामग्री विक्रि वितरण गर्न सक्ने कामलाइ निरूत्साहित गर्न उपाध्यक्ष ज्यूको संयोजकत्वमा बजार अनुगमन समिति गठन गरी विभिन्न वडा अन्तर्गतको बजार अनुगमन गरिएको छ भने वडा अध्यक्षको संयोजकत्वमा समेत बजार अनुगमन समिति बनाई वडालाई अख्तियारी प्रदान गरिएको छ ।
- अनुगमनको क्रममा देखिएका म्याद नाघेका वस्तुहरू नष्ट गरी सम्बन्धित पसलदाता एवंम व्यवसायीहरूलाई एक पटकको लागि सचेत गराइएको छ ।

## १४. जिन्सी तथा आन्तरिक व्यवस्थापन

- प्रचलित सार्वजनिक खरिद ऐन तथा नियमावलीको प्रक्रियाको अवलम्बन गरी गाउँपालिका तथा मातहतका कार्यालयहरुलाई स्वीकृत बजेटको परिधि भित्र रही खरिदका कार्यहरु नियमित रुपमा गरिएको छ ।
- गाउँपालिकाको चल अचल सम्पत्तिको सार्वजनिक सम्पत्ति व्यवस्थापन प्रणाली (PAMS) मा प्रविष्टि तथा अद्यावधिक गर्ने कार्य गरिएको छ । पूराना अवस्थाका ढड्डा प्रणालीलाइ प्रयोग नगरी विद्युतिय व्यवस्थापन प्रणाली मार्फत मात्र जिन्सी सम्पत्तिको अभिलेखांकन गरिएको छ ।

## १५. सूचना प्रविधि :

- गाउँ कार्यपालिकाको कार्यालय, अन्तर्गतका केही वडा कार्यालयहरू, स्वास्थ्य संस्थाहरु र सामुदायिक विद्यालयहरुमा फाइबर इन्टरनेट जडानको कार्य सम्पन्न गरिएको छ ।
- गाउँ पालिका कार्यालयको आफ्नो लोगो स्थापना गर्नको लागि सूचना आह्वान गरिएको छ ।
- अर्धवार्षिक अवधिमा सूचनाको हक सम्न्धी ऐन २०६४ बमोजिम कार्यालयको सुचना माग गर्ने १ जना व्यक्तिलाई सूचना उपलब्ध गराइएको छ ।

## १६. ऐन कानूनहरु

- गङ्गाजमुना गाउँपालिकामा चालु आ.व को अर्ध वार्षिक समयावधिमा तपशिल ५ वटा कार्यविधिहरू निर्माण गरिएको छ ।

क) प्रधानाध्यापक व्यवस्थापन सम्बन्धि कार्यविधि, २०८०

ख) वडा शिक्षा समिति तथा वि.व्य.स. गठन कार्यविधि, २०८०

ग) शिक्षक प्रोत्साहन कार्यविधि, २०८०

घ) पशु सेवा कार्यक्रम सञ्चालन कार्यविधि, २०८०

ङ) कुकुर बन्ध्याकरण तथा रेबिज रोग नियन्त्रण कार्यक्रम कार्यान्वयन कार्यविधि, २०८०

## १७. न्यायिक कार्य

क० स्थानीय स्तरमा उत्पन्न भएको विवाद स्थानीय स्तरमै समाधान गर्ने उदेश्यले प्रचलित कानून बमोजिम गठन भएको स्थानीय न्यायिक समितिमा अर्ध वार्षिक अवधिमा ३ वटा दर्ता भएकोमा विवाद फछ्यौट हुने प्रकृयामा रहेको छ र गत आ.व. मा दर्ता भएको उजुरीको छलफल गरी निर्णय फैसला गरिएको छ।

ख० स्थानीय न्यायिक समितिमा दर्ता हुन आएका विवादहरू किनारा लगाउने क्रममा न्यायिक समितिको बैठक र इजालास ८ पटक सञ्चालन गरिएको छ ।

ग० न्यायिक समिति तथा गाउँपालिकाको लागि कानूनी सहजीकरणको लागि कानून बमोजिम कानूनी परामर्शदाता छनौट गरी कानून निर्माण तथा बहस पैरवीको लागि सहजीकरण भएको छ ।

## १८. <u>उद्यम विकास कार्यक्रम</u> :

- युवा पुस्तालाई रोजगारीमा जोडौ, सुनौलो भविश्यको थालनी गरौ भन्ने मुल नारालाई आत्मसाथ गर्दे गरिवि निवारण तथा लघु उघम विकास कार्यक्रम अन्तर्गत वडा नं ६ र ७ मा नयाँ लघु उद्यमी सिर्जना गर्ने, वडा नं. २ मा पहिले नै लघु उद्यम सिर्जना भएको स्थानमा साझा सुविधा केन्द्र (उद्यम घर) निमार्ण गर्ने र वडा नं. ४ मा उद्यमीको स्तरोन्नती( आवश्यकता पहिचानका आधारमा पुनर्ताजगी र एडभान्स सीप विकास तालिम कार्यक्रम) गरिने निर्णय भई प्रक्रिया अगाडी बढेको छ भने वडा नं. ६ र ७ च्याउ तालिम र मुढा तालिम दिने कार्यको प्रक्रिया अगाडी बढेको छ ।

## १९. <u>आम्दानी तथा खर्च विवरण</u> :

(क) आम्दानी तर्फ :

- आ.व. २०८०/०८१ को पौष २५ गते सम्म संघीय तथा प्रदेश सरकारबाट प्राप्त हुने राजश्व बाँडफाँड तथा अनुदान र गाउँपालिकाको आन्तरिक आय तर्फको विवरण तपशिल बमोजिम रहेको छ ।

तपशिलः-

| आय विवरण | संघ | प्रदेश |
|---|---|---|
| राजश्व बाँडफाँड | १,५३,७२,७४९.८८ | १५,१०,२५३.३१ |
| समानीकरण अनुदान | ५,९९,५०,००० | ३१,१९,००० |
| शसर्त अनुदान | १०,७८,८५,००० | ५५,८६,५०० |
| विशेष अनुदान | ० | २५,००,००० |
| समपुरक अनुदान | ० | ५०,००,००० |
| जम्मा | १८,३२,०७,७४९.८८ | १,७७,१५,७५३.३१ |
| जम्मा संघ र प्रदेशबाट प्राप्त आय | | २०,०९,२३,५०३.१९ |
| गाउँपालिकाको आन्तरिक आय | | २५,४७,४०६.३१ |
| गत आ.व. को मौज्दात | | ३,७१,०७,००० |
| जम्मा आम्दानी विवरण | | २४,०५,७७,९०९ |
| जम्मा आम्दानी प्रतिशत | | ४१.५८ % |

(ख) बजेट तथा खर्च तर्फ :

- चालु आ.व. २०८०/०८१ को लागि पुष २५ सम्म खर्च विवरण तपशिल बमोजिम रहेको छ ।

| खर्चको प्रकृति | अनुमानित बजेट | हाल सम्मको खर्च | खर्च प्रतिशत |
|---|---|---|---|
| चालु | ३३,९५,२३,०६१.६६ | १३,५५,५६,१६९ | ३९.९३ % |

| | | | |
|---|---|---|---|
| पुँजी | २३,८९,८८,००० | ४,४३,३३,२१० | १८.५५ % |
| जम्मा | ५७,८५,११,०६१.६६ | १७,९८,८९,३७९ | ३१.०९ % |

अन्त्यमा, गाउँपालिकाको नीति तथा कार्यक्रमलाई अनुसरण गर्दै चालु आ.व. २०८०/०८१ को योजना तथा कार्यक्रम कार्यान्वयनमा सहयोग गर्न दिन रात खटिरहनु हुने गाउँपालिकाका सम्पूर्ण जनप्रतिनिधिज्यूहरू,सम्पूर्ण कर्मचारी साथीहरू , संचारकर्मी , सरोकारवाला सबै , राजनैतिक दल तथा समग्र आम गङ्गाजमुना बासीहरूमा हार्दिक कृतज्ञता व्यक्त गर्दै हार्दिक आभार प्रकट गर्दछु ।

धन्यवाद ।

अनिल श्रेष्ठ

प्रमुख प्रशासकीय अधिकृत